मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १०४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन १७ गते शनिवार (Saturday, February 29. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

– सार्वजनिक निकायहरुले आफ्ना निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा विभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए–नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ ।
– प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनुपर्नेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# सङ्घीयता कार्यान्वयनमा कानूनी अन्यौल

**झापा, फागुन १६।** मुलुकमा सङ्घीयतासहितको संविधान जारी भएपछि धेरै कानून बनेका छन् । तर, संघको कानून अनुसार प्रदेश र प्रदेशका कानून अनुसार स्थानीय तहका कानून निर्माणको अन्यौल अझै कायम छ ।

सरकारले २०७५ साललाई 'कानून निर्माण वर्ष' घोषणा गरेर संविधान अनुकूलका ३३८ कानून बनायो । नेपालमा संविधानसहित ३३९ वटा कानून प्रचलनमा छन् । संघको कानून अनुसार प्रदेश र स्थानीय तहको कानून बनाउनुपर्ने विषय भने अझै टुङ्गो लागेको छैन ।

संविधान अनुसार संघले बनाएको कानूनअनुसार नबाझिने गरी प्रदेशले कानून बनाउनुपर्ने र प्रदेशले बनाएको कानूनअनुसार स्थानीय सरकारले बनाउनुपर्ने व्यवस्था छ । सरकार सञ्चालनको दुई वर्ष पूरा भएको अवसरमा गत हप्ता प्रधानमन्त्री केपी शर्मा ओलीले गत वर्षलाई कानून निर्माणका लागि महत्वपूर्ण आधार वर्षका रुपमा लिइएको बताएका थिए । सङ्घीयता अनुरुपका कानून बनाएर काम शुरु हुनु महत्वपूर्ण हो । गत वर्ष २५ वटा नयाँ कानून बनेका थिए । प्रमाणीकरण हुन बाँकी पाँच वटासहित यस अवधिमा ५५ वटा नयाँ कानून निर्माण भएका छन् । संविधान अनुकूल बनाउन विद्यमान ऐनमध्ये २०१ वटा ऐन संशोधन गरिएको बताइएको छ ।

नेपालको संविधानसँग कानून बाझिए बाझिएको हदसम्म स्वतः बदर हुने संवैधानिक व्यवस्था छ । नेपालले एकात्मक प्रणालीबाट कानूनी अभ्यास गर्दै आएको थियो । मुलुक सङ्घीयतामा जानुअघि विकास क्षेत्र थियो, अब सङ्घ, प्रदेश र स्थानीय तह छन् । बदलिएको परिवेश अनुरुप सङ्घीयतालाई कार्यान्वयन गर्न संविधान अनुकूल कानून बनाउन जरुरी थियो ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रवक्ता धनराज ज्ञवालीले नेपालमा संसारमै नभएको नयाँ मोडलको सङ्घीयता भएको हुनाले सिक्ने चरणमै रहको बताए । तीन तहको सङ्घीयता अनुसार सङ्घ, प्रदेश र स्थानीय तहअनुसार कानून बनाउनु पर्नेछ- प्रवक्ता ज्ञवालीले भने- नेपालको जस्तो तीन तहको सङ्घीयताको अनुभव अरु देशमा छैन, सिक्ने अवसर पनि हामीलाई छैन, नेपालको सङ्घीयताबाट सिक्दै कानून बनाउँदै गर्नुपर्ने अवस्था छ । उनले सरकारलाई काम गर्नका लागि कानूनी रुपमा समस्या नभए पनि स्वास्थ्य, शिक्षा, प्रशासनजस्ता कुरामा कानूनमा निर्माण अन्यौल रहेको उनको भनाइ थियो ।

नेपालको संविधान जारी भएपछि निर्माण भएको दुई तिहाइ बहुमतसहितको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकारले नागरिकका मौलिक हक कार्यान्वयन गर्नेमा नागरिक आशावादी थिए, तर सो अनुरुप मौलिक हक कार्यान्वयन मै आउन कठिनाइ देखिएको छ ।

नेपालको संविधानले ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ । संविधानमा तीन वर्षभित्र कानून बनाएर लागू गर्ने व्यवस्था अनुसार गत वर्ष सबै कानून बने पनि कार्यान्वयनमा आउन सकेको छैन । गत वर्ष मौलिक हकका १७ वटा नयाँ कानून बने तर कार्यान्वयनमा अझै आएको छैन ।

नयाँ संविधान जारी भएपछि गठन भएको सरकारले ल्याएका विधेयक विवादमा परे । राष्ट्रियसभामा दर्ता भएको गुठी विधेयकमाथि आलोचना भएपछि सरकारले विधेयक नै फिर्ता लिनुपर्‍यो ।

सरकारले कर्मचारीबाट विधेयक बनाएर सरोकारवाला पक्षसँग छलफल नै नगरी संसद्मा लाने गरेको छ । सांसदहरुको ध्यान कानूनमा नभएकाले विधेयक विवादित भएको भन्दै आम जनमानसले आलोचना गरेका छन् । प्रेस काउन्सिल विधेयक, मिडिया काउन्सिल विधेयक पनि विवादमुक्त हुन सकेन ।

## नानी बोकेकी महिलालाई इन्स्पेक्टरको लाठी, छानविन शुरु



**झापा, फागुन १६।** प्रहरी मेरो साथी नारा नेपाल प्रहरीमा निकै चलेको छ । तर, बेला-बेला प्रहरी आफ्नै कारणले विवादमा पर्ने गरेको छ । नेपाल प्रहरीका निरीक्षक देवीप्रसाद पौडेलले नानी बोकेकी महिलालाई लाठी हानेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरीको चौतर्फी आलोचना शुरु भएको छ ।

नेपाली सेनाका अवकाश प्राप्त सहायक रथी हेम खत्री र माला शाह नामक महिलाबीच भएको विवादका क्रममा पौडेलले अर्की महिलालाई लाठीचार्ज गरेका हुन् । स्रोतका अनुसार पौडेलले बिहीबार दिउँसो आफूलाई अभियन्ता बताउने हेमा श्रेष्ठलाई लाठी हानेका हुन् । भिडियोमा देखिएका बेला उनी नानीसहित छिन् । पौडेल महानगरीय प्रहरी वृत्त, भैंसेपाटीका इञ्चार्जको रुपमा कार्यरत् छन् । अर्काको घरमा छिरेर हुलहुज्जत र तोडफोड गरेपछि सामान्य बल प्रयोग गरिएको पौडेलले बताए । श्रेष्ठले आफूहरुलाई लाठीचार्ज गर्नुले प्रहरीको नियत प्रष्ट पारेको बताएकी छन् ।

यसैबीच घटनामा संलग्न प्रहरीमाथि छानबिन शुरु भएको बताइएको छ । काखमा नानी बोकेकी महिलालाई लाठी प्रहार गरेको भन्दै प्रहरी प्रभाग भैंसीपाटीका प्रहरी निरीक्षक पौडेलमाथि छानविन गर्न प्रहरी उपरीक्षक दुर्गा सिंहको नेतृत्वमा छानविन समिति गठन भएको हो । शुक्रवार प्रहरी प्रधान कार्यालयको निर्देशनपछि घटनाको सत्यतथ्य छानविन गर्न ललितपुर प्रहरी परिसरकी एसपी सिंहको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति बनेको हो । घटना बारे प्रहरीले अनुसन्धान शुरु गरेको जनाइएको छ ।

**घटना कसरी शुरु भयो ?**

महानगरीय प्रहरी परिसर, ललितपुरमा गत भदौमा खत्रीले तीन महिलाले आफूमाथि कुटपिट गरेको भन्दै उजुरी दिएका थिए । मोबाइल समेत लुटेर लगेको उनको दाबी

(बाँकी अन्तिम पृष्ठमा)

## मुख्यमन्त्रीलाई पति दावी गर्दै बालिकाको मुद्दा

**झापा, फागुन १६।** दोलखा घर भएकी बालिका खड्का नाम गरेकी एक महिलाले प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई आफ्नो पति दाबी गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेकी छन् ।

उनले शुक्रवार मुद्दा दर्ता गरेकी हुन् । काठमाडौं जिल्ला अदालतमा मुख्यमन्त्री राईबिरुद्ध पति दावी गर्दै उनले मुद्दा दायर

(बाँकी अन्तिम पृष्ठमा)

## टेम्पो पल्टिँदा चालकको मृत्यु

**सुनसरी, फाल्गुन १६।** सुनसरीको रामधुनी नगरपालिका-१ सैनीमैनीमा अटो टेम्पो पल्टिँदा चालकको मृत्यु भएको छ ।

सैनीमैनीस्थित भित्री सडकखण्डमा को २ह ६२६३ नम्बरको टेम्पो आफैं अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका चालक इनरुवा-७का ३५ बर्षीय नन्दराज खवासलाई उपचारको लागि अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## तमू संग्रहालय बनाउन जग्गा

**बिर्तामोड, फागुन १६।** स्थापनाको एक दशकपछि बिर्तामोडका तमू समुदायले जग्गा खरिद गरी सामुदायिक भवन बनाउने योजना बनाएका छन् ।

तमू ह्यूल छोँज धीँ गुरुङ समाज बिर्तामोडले वडा नम्बर ३मा एक कट्ठा जग्गा खरिद गरेर संस्थाको नाममा पास गरेको छ ।

शुक्रबार सोही जग्गामा भएको प्रथम साधारणसभामा समाजका अध्यक्ष डीके गुरुङले केन्द्रीय विधान अनुसार जग्गा खरिद प्रक्रिया झञ्झटिलो भएकाले २०७६ सालमा छुट्टै विधान दर्ता गरेको बताए । समाजले आगामी पाँच वर्षमा कार्यालय भवन र पार्टी प्यालेस बनाउने योजना अघि सारेको छ । साथै, तमू समुदायको कला, संस्कृति झल्किने र ऐतिहासिक दस्तावेज रहने संग्रहालय निर्माण गर्ने र त्यसका लागि थप जग्गा आवश्यक भएको अध्यक्ष गुरुङले बताए ।

साधारणसभामा जग्गा खरिद गर्न नगद सहयोग गर्ने तमू सदस्यहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा ५१ हजार रुपैयाँ सहयोग गर्ने चन्द्रकुमार गुरुङ, ५० हजार रुपैयाँ सहयोग गर्ने श्यामकुमार गुरुङ, लछुमन गुरुङ र धनकुमार गरुङलाई सम्मान गरियो ।

त्यस्तै, २५ हजार रुपैयाँ सहयोग गर्नेहरु रत्नबहादुर गुरुङ, भागिनाथ गुरुङ, गोपीचन्द्र गुरुङ, प्रेमबहादुर गुरुङ, विष्णुमाया गुरुङ, अम्बर गुरुङ, सरस्वती गुरुङ, सन्तोष गुरुङ, लेखनाथ गुरुङ, डिल्लीकुमार गुरुङ, उदय गुरुङ, जलकुमार

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोडमा राष्ट्रिय चुम्लुङ

**बिर्तामोड, फागुन १६।** किरात याक्थुङ चुम्लुङको २३औं राष्ट्रिय चुम्लुङ झापाको विर्तामोडमा शुक्रवारवाट शुरु भएको छ ।

किरात याक्थुङ चुम्लुङका केन्द्रीय अध्यक्ष योगराज वनेमको अध्यक्षता तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्तकुमार नेम्वाङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा किरात याक्थुङ चुम्लुङका केन्द्रीय उपाध्यक्ष याम लिम्बूले स्वागत मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष भरत श्रेष्ठ, किरात याक्थुङ चुम्लुङ प्रदेश १का अध्यक्ष धुव्र मेयाङ्वो, किरात याक्थुङ चुम्लुङका सल्लाहकार नरप्रसाद लुङ्फुवा लिम्बू, संघीय लिम्बूवान



पार्टी झापाकी उपाध्यक्ष निश्चलता लावती, समाजवादी पार्टी लिम्वुवान समितिका अध्यक्ष खगेन्द्र माखिम, नेपाली कांग्रेसका नेता टेकवहादुर खजुम लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा किरात याक्थुङ चुम्लुङको मासिक पत्रिका तान्छोपाका झापा व्यवस्थापक गुमानसिंह सम्वाहाम्फे लिम्वू, किरात याक्थुङ चुम्लुङ युके र इजरायललाई संस्थामा पुर्‍याएको योगदानको कदर स्वरुप सम्मान गरिएको थियो । कार्यक्रममा किरात याक्थुङ चुम्लुङ शिवसताक्षी, लिम्वू साँस्कृतिक परिषद् झापा र विर्तामोड केलाङ समूहले केलाङ नृत्य प्रस्तुत गरेका थिए ।

शनिवारसम्म सञ्चालन हुने २३औं राष्ट्रिय चुम्लुङमा

(बाँकी अन्तिम पृष्ठमा)

## सैनिक महोत्सव शुरू

**बिर्तामोड, फागुन १६।** नेपाल भ्रमण वर्ष २०२० लक्षितलाई 'सामाजिक एकता हाम्रो अभियान, समृद्ध सैनिक हाम्रो पहिचान' भन्ने नाराका साथ विर्तामोड-१० सैनिकमा दोस्रो सैनिक महोत्सव शुक्रबारदेखि शुरु भएको छ ।

सैनिकबजारको उपनामले परिचित सो क्षेत्रमा भूपू सैनिकहरुले मेला लगाएर मात्रै बस्ती बसाउन शुरु गरेको मौलिक ऐतिहासिकतालाई जीवन्त राख्ने तथा स्थानीय जातजाति, धर्म समुदायको मौलिक साँस्कृतिक परम्परालाई उजागर गर्दै संरक्षण संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले लगाइएको मेलाको झापा क्षेत्र नं. ३ बाट निर्वाचित संघीय सांसद राजेन्द्र लिङ्देनले समुद्घाटन गरेका थिए ।

वडाध्यक्ष दूर्योधन गुरुङको अध्यक्षता तथा सांसद लिङ्देनको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि सांसद लिङ्देन, बिर्तामोड नगरपालिका-२का

(बाँकी अन्तिम पृष्ठमा)


**बाखापालन गर्ने सोच भएकाले सम्पर्क गर्नुहोला**


झापाको अर्जुनधारा दहीझोडा (दुर्गापुरबाट ३ किमी उत्तर)मा साझेदारीमा बाखापालनका लागि इच्छुक र यस सम्बन्धी सोच भएकाहरुले तु–सम्पर्क गर्नुहोला ।

सम्पर्कः ०२३–५४०१०९, ९८४२७८६६४४

**न्यू बोर्डर पोइन्ट रेष्टुरेन्ट एण्ड बार**

थप स्वादिष्ट खानाका परिकारसहित हजुरहरुको सेवामा





हाम्रा स्पेशलहरुः
१) खाजा सेट
२) खसी तथा चिकेन सेकुवा
३) माछाका सम्पूर्ण परिकार
४) चाइनिज तथा कन्टिनेन्टल खाना
५) चिकेन ससेज, मःम चाउमिन
६) देशी तथा विदेशी पेय पदार्थ
७) बर्थ डे, सेमीनारको लागि हलको व्यवस्था
८) क्याविन तथा बारको व्यवस्था
९) शान्त तथा स्वच्छ वातावरण

नोटः काँकरभिट्टा क्षेत्रभित्र होम डेलिभरी सेवा उपलब्ध छ ।

न्यू बोर्डर पोइन्ट रेष्टुरेन्ट एण्ड बार
मेचीनगर-६, काँकरभिट्टा, कन्काई विकास बैंक जाने बाटो दिव्य ज्योति आँखा अस्पताल छेऊ (काँकरभिट्टा, मो. ९८१५९५१२२२)

**हार्दिक बधाई**



झापा बुद्धशान्ति-२ जयपुर तेक्वान्दोकी खेलाडी **रेश्मा भुजेल** यही फागुन १३ र १४ गते उदयपुरको कटारीमा सम्पन्न प्रदेश १ स्तरीय कटारी नगरपालिका मेयर कप तेक्वान्दो प्रतियोगिता अन्तर्गत ४० केजी तल गेरोगीमा स्वर्ण पदक जित्दै प्रतियोगिताको बेस्ट लेडी फाइटर घोषित भएकोमा आगामी दिनमा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

भुषण ट्याक्टर ग्यारेज
शनिश्चरे, झापा

ADMISSIONS
GOING ON

M.B.A



01 Evening Classes
Globally Recognized Degree.
02 2 years (4 Semester) Course
Approved by ministry of Education, Nepal
03 5 days a Week
T.U. Equivalent Degree.

Balmiki lincoln College
Birtamode, Jhapa
023-542373/ 9815999988
Balmiki.lincoln@gmail.com
Facebook.com/Balmikilincoln

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा 10% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो. तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# सञ्जीवनीको कारोबार साढे १८ करोड

**बिर्तामोड, फागुन १६।** झापाको बिर्तामोड-४मा रहेको सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले साढे १८ करोड रुपैयाँ भन्दा बढी निक्षेप संकलन गरेको छ ।

झापाको बिर्तामोडमा शुक्रवार पत्रकार भेटघाटको आयोजना गर्दै सहकारीले १८ करोड ४७ लाख १५ हजार ९ सय ५० रुपैयाँ निक्षेप संकलन गरेको जनाएको हो । सहकारीका अध्यक्ष यामकुमार चुडालले माघ मसान्तसम्ममा सहकारीको शेयर पूँजी २ करोड ४४ लाख २९ हजार ८ सय रुपैयाँ पुगेको बताए । सहकारीको माघ मसान्तसम्मको बचत ६५ लाख ५९ हजार ६ सय ५ रुपैयाँ रहेको सचिव मेघराज बास्तोलाले जानकारी दिए ।

यसैबीच सञ्जीवनी सामाजिक सेवामा क्रियाशील रहेको पाइएको छ । सहकारीले हल्दिवारी-२मा रहेको राष्ट्रिय एकता आधारभूत बिद्यालयमा अध्ययनरत् विद्यार्थीलाई ३३ हजार रुपैयाँ बराबरको जुत्ता-मोजा उपलब्ध गराउने भएको छ । विपन्नवर्गका बालबालिकालाई सहकारीले जुत्ता-मोजा उपलब्ध गराउन लागेको अध्यक्ष चुडालले जानकारी दिए ।

त्यस्तै सहकारीले बिर्तामोड नगरपालिकाको कञ्चनमार्ग अन्तर्गत कञ्चनजंघा एफएम चौकसम्म फूलका विरुवा रोप्न २५ हजार रुपैयाँ सहयोग गर्ने भएको छ । बिर्तामोड-१०मा रहेको श्रीकृष्ण प्रणामी सत्सङ्ग सेवा परिषद्लाई १५ हजार रुपैयाँ र बिर्तामोड-३मा रहेको विराटपोखरको विराट ज्योर्तिलिङ्ग मन्दिरलाई ११ हजार रुपैयाँ प्रदान गर्न लागिएको सहकारीका व्यवस्थापक कृष्णप्रसाद खरेलले जानकारी दिए । त्यस्तै पत्रकार सहारा उपचार कोषका लागि सहकारीले २० हजार रुपैयाँ उपलब्ध गराएको छ ।



## पत्रकार उपचार कोषलाई सहयोग

**बिर्तामोड, फागुन १६।** नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषका लागि बिर्तामोडस्थित सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले २० हजार रुपैयाँ प्रदान गरेको छ ।

संस्थाको कार्यालयमा शुक्रबार आयोजित कार्यक्रमकाबीच अध्यक्ष यामकुमार चुडाल, सचिव मेघराज बाँस्तोलाले कोषका संयोजक तथा पत्रकार महासंघका उपाध्यक्ष एकराज गिरीलाई उक्त रकम हस्तान्तरण गरे ।

संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत पत्रकार उपचार कोषलाई सहयोग गरिएको अध्यक्ष चुडालले बताए । कोषलाई रकम हस्तान्तरण कार्यमा महासंघ प्रदेश सदस्य रेजिना रोदन, झापा शाखा सल्लाहकार गोपाल काफ्ले, कार्यसमिति सदस्य सुशीला संग्रौला, पत्रकारहरु सुरेन्द्र भण्डारी, रोहित काफ्ले, राजकुमार ओली, उद्धव पुरी, सन्तोष न्यौपाने, नन्दलाल खतिवडा लगायतको उपस्थिति रहेको थियो । महासंघका अध्यक्ष तारामणि सापकोटाका अनुसार कोषको व्याजबाट घाइते तथा विरामी पत्रकारलाई सहयोग प्रदान गर्न समेत थालिएको छ ।

कोषमा हाल ४० लाख रुपैयाँभन्दा बढी जम्मा भइसकेको पत्रकार महासंघ झापाका उपाध्यक्ष तथा कोषका संयोजक एकराज गिरीले जानकारी दिए । पत्रकारको हितका लागि एक करोड रुपैयाँको अक्षयकोष बनाउने उद्देश्यसहित महासंघद्वारा सञ्चालित अभियानमा सबैले सहयोग गरिदिन महासंघले आग्रह गरेको छ ।

कोषबाट सुविधा लिनका लागि महासंघका सदस्यले अनिवार्य रुपमा कोषको सदस्य बन्नुपर्ने कार्यविधिमा व्यवस्था रहेको कोषका सदस्य सचिव केशव भट्टराईले बताए ।

## सनसाइनको बार्षिकोत्सव

**बिर्तामोड, फागुन १६।** झापा बिर्तामोडको सनसाइन किन्डर हाउसले बिबिध कार्यक्रकसहित १३औं बार्षिकोत्सव सम्पन्न गरेको छ ।

किताबी ज्ञान भन्दा पनि व्यवहारिक ज्ञान सिकाउने उद्देश्यले स्थापना भएको बिद्यालयले शुक्रवार सांस्कृतिक कार्यक्रमसहित खेलकुद गर्दै बार्षिकोत्सव सम्पन्न गरेको बिद्यालयका संस्थापक अध्यक्ष दीपक गिरीले जानकारी दिए ।

बिद्यालय सञ्चालक पूजा गिरीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रिन्सिपल बिना कार्की पोखरेलले गरेकी थिइन् । सञ्चालक गिरीले मन्टेश्वरीमध्ये बिर्तामोडकै पहिलो सनसाइन किन्डर हाउस भएको बताइन् ।

खेलकुद कार्यक्रमका बिजेता बिद्यार्थीहरुलाई पुरस्कार समेत प्रदान गरिएको थियो । कार्यक्रमको सञ्चालन शिक्षक तेजस्वी गिरी र अर्पणा प्रधानले गरेका थिए । बिद्यालयमा ३ सय बिद्यार्थी अध्ययनरत् छन् ।



## मोहनमायामा सदस्य चयन

**बिर्तामोड, फागुन १६।** मोहनमाया माविको अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिका सदस्यको चयन गरेको छ ।

प्रधानाध्यापक शेरबहादुर श्रेष्ठको अध्यक्षतामा शुक्रवार भएको भेलाले व्यवस्थापन समितिका ४ जना सदस्य सर्वसम्मत रुपमा चयन गरेको हो । सर्वसम्मत चयन हुनेहरुमा नारायण राजवंशी, इन्द्रबहादुर राई, कमलादेवी राउत र टीका बराल भट्टराई रहेका छन् ।

विर्तामोड नगरपालिका शिक्षा शाखाका शिक्षा अधिकृत केशरबहादुर खवास, वडा प्रतिनिधि उपेन्द्र पराजुलीको उपस्थितिमा भएको कार्यक्रममा औचित्यमाथि प्रअ श्रेष्ठले प्रकाश पारेका थिए ।

शिक्षा अधिकृत केशरबहादुर खवासले निर्वाचन प्रक्रियाको बारेमा जानकारी गराएको कार्यक्रमको सञ्चालन सहायक प्रअ भवानीप्रसाद राजबंशीले गरेका थिए ।

### बिर्तामोडमा ...

किरात याक्थुङ चुम्लुङ नेपालका १३ शाखा, दुई प्रदेश शाखा, विदेशका चुम्लुङका शाखा, विषयगत समिति, लिम्वूजन्य तथा थरगत संस्थाहरुका प्रतिनिधि गरी दुई सय ४५ जनाको सहभागिता रहेको किरात याक्थुङ चुम्लुङका राष्ट्रिय चुम्लुङ सदस्य सेसेहाङ फियाकले जानकारी दिए ।

राष्ट्रिय चुम्लुङको वन्दसत्रमा किरात याक्थुङ चुम्लुङको आर्थिक, सांगठनिक, विषयगत समितिको प्रतिवेदन छलफल गरी पारित गरिने बताइएको छ । त्यस्तै लिम्वू जातिसंग सम्वन्धित धार्मिक, भाषिक, साहित्यिक, ऐतिहासिक, पूरातात्विक लगायतका विषयमाथि कार्यपत्र प्रस्तुत गरी छलफल गरिने बताइएको छ । कार्यक्रमको सञ्चालन किरात याक्थुङ चुम्लुङका केन्द्रीय सचिव यासेली योङ्हाङले गरेका थिए ।

### तमू ...

गुरुङ र राम गुरुङलाई सम्मान गरियो । २२ हजार रुपैयाँ प्रदान गर्ने सलबहादुर गुरुङलगायत १० हजार रुपैयाँभन्दा माथि सहयोग गर्नेलाई सम्मान गरिएको थियो ।

यसैबीच, साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको छ । समाजको अध्यक्षमा सलबहादुर गुरुङ, उपाध्यक्षत्रयमा निर्मला गुरुङ, गोपीचन्द्र गुरुङ र अम्बर गुरुङ, सचिवमा लीला गुरुङ, संगठन सचिवमा राम गुरुङ, प्रचार सचिव हर्कमाया गुरुङ, कोषाध्यक्ष लेखनाथ गुरुङ र सहकोषाध्यक्षमा लछिमान गुरुङ रहेका छन् ।

त्यस्तै, सदस्यहरुमा चन्द्रबहादुर गुरुङ, नरजंग गुरुङ, सरस्वती गुरुङ, शेरबहादुर गुरुङ, डिल्लीकुमार गुरुङ, कुमार गुरुङ, तारा गुरुङ, नेत्रबहादुर गुरुङ र चन्द्रकुमार गुरुङ छन् । भेलाले सल्लाहकार संयोजकमा निवर्तमान अध्यक्ष डीके गुरुङ र सहसंयोजकमा विष्णुमाया गुरुङलाई चयन गरेको छ ।

कार्यक्रममा केन्द्रीय सचिवालय सदस्य लक्ष्मी गुरुङ, केन्द्रीय सदस्य दिलीप गुरुङ, प्रदेश उपाध्यक्ष आनन्द गुरुङ, झापा अध्यक्ष धनबहादुर गुरुङ, सञ्चारकर्मी केशव भट्टराईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

### नानी ...

थियो । त्यस क्रममा शाह र खत्रीको सम्बन्ध सतहमा आयो र अनुसन्धानले अर्को मोड लियो । यो विषय प्रहरीमा पुग्नु अगावै शाहले सामाजिक सञ्जालमा त्यसबारे अभिव्यक्ति दिँदै आएकी थिइन् ।

शाहले खत्री आफ्नो श्रीमान भएको र दुई दशकदेखिसँगै बसेको दाबी गरिन् । त्यसैले नाता प्रमाणित गरिदिनुपर्ने उनको माग थियो । तर, खत्रीले द्वन्द्वको समयमा शाह आफ्नो एक जना सूचक मात्र भएको र त्यसबाहेक कुनै सम्बन्ध नरहेको दाबी गरेका छन् । ललितपुर प्रहरीले दुवै पक्षलाई राखेर ६ पटकसम्म छलफल गरायो । महिलाले खत्रीलाई छोराछोरी पढाउन २० लाख रुपैयाँ पनि दिएको दाबी गरेकी छन् । त्यो पनि फिर्ता पाउनुपर्ने उनको दाबी छ । कानूनतः नाता प्रमाणितका लागि अदालत जानुपर्छ । यद्यपि, दुई पक्षबीच छलफलबाट कुनै निकास ननिस्किएपछि प्रहरीले घटनामा चासो दिन छाडेको थियो ।

अन्तिममा प्रहरीले शाहलाई कुनै वकिलको सहयोग लिएर अदालत वा महिला आयोगमा जान सुझायो । त्यसपछि खत्रीको घरमा आफूलाई मानवअधिकारकर्मी बताउने विभिन्न व्यक्तिले नियमितजसो धर्ना दिन थालेका थिए । बिहीबार पनि यही क्रममा महिलाको एक हुल युट्युबरसहित धर्ना दिन पुगेको प्रहरीले जनाएको छ । खत्रीले प्रहरीमा खबर गरेपछि प्रहरी निरीक्षक पौडेल नेतृत्वको टोली उनको घरमा पुगेको थियो । त्यसक्रममा उनले बल प्रयोग गरेका हुन् । नानीसहित बसेकी महिलालाई लाठी हानेपछि अहिले प्रहरीको सर्वत्र आलोचना भइरहेको छ ।

### सैनिक ...

वडाध्यक्ष नगेन्द्र संग्रौला, बिर्तामोड खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष जलकुमार गुरुङ लगायतले शुभकामना मन्तव्य राख्दै ग्रामीण क्षेत्रमा गरिने महोत्सवले विभिन्न समुदायको संस्कृति, परम्परा र मौलिकतालाई उजागर गर्नुका साथै आर्थिक समृद्धिमा पनि टेवा पुऱ्याउने धारणा राखेका थिए ।

वडा सदस्य दिपीका सिवा र महिला सञ्जालकी सचिव सिर्जना मोक्तानले सञ्चालन गरेको कार्यक्रममा स्वागत कार्यपालिका सदस्य गीता घिमिरेले गरेको वडास्तरीय महिला सञ्जालका अध्यक्ष खिलेश्वरी पाण्डेले जानकारी दिइन् ।

१३ दिनसम्म सञ्चालन हुने महोत्सवको उद्घाटनमा सन्थाल, नेवार, राई, राजवंशी, लिम्बूको च्याब्रुङ, मुखिया साथै वडामा बसोबास गर्ने सबै जातजातिको जातीय संस्कृति झल्किने झाँकी प्रस्तुत गरिएको थियो ।

### मुख्यमन्त्रीलाई ...

गरेको बताइएको छ । मुलुकी फौजदारी संहिताको दफा २१५ बमोजिम आफूले अंश पाउनुपर्ने मागसहित उनले मुद्दा दर्ता गरेको अदालत श्रोतले जनाएको छ ।

शुक्रबार मुद्दा दर्ता गर्न पुगेकी खड्काले राईसँग आफ्नो बिवाह भएको दावी गर्दै अंश मुर्दा दर्ता गरेकी हुन् । बिवाहपछि आफू घरेलु हिंसामा परेको समेत उजुरीमा उल्लेख गरिएको छ ।


**होटल बिक्रीमा**

झापाको बिर्तामोडमा चालू अवस्थामा रहेको होटल बिक्रीमा रहेकोले लिन इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४४६६५१७१

**कर्मचारी तु-आवश्यकता**

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।
तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)
सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**एकाउन्टेन्ट आवश्यकता**


एक प्रतिष्ठित कम्पनीको लागि कम्प्युटरमा टेली जानेको १ जना पुरुष कर्मचारी (एकाउन्टेन्ट) आवश्यक परेकोले योग्यता पुगेको इच्छुक व्यक्तिले यथाशीध्र सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८५२६८०५८१

**FAMILY CLINIC**
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist)
MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB
नि:सन्तान दम्पतिको लागि राम्रो खबर छ
आल्ट्रा मॉडर्न टेस्ट ट्यूब बेबी केन्द्र



.आई.भी.एफ. - IVF
इक.सी. - ICS
आई.यू.आई. - IUI
सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राख्ने ।
METROHEIGHT, 3RDFLOOR, DONBOSCOMORE, SEVOKEROAD, SILIGURI-734001
PH. 0353-2545544, MOB. 9800983790, QUERY: 8372801570, WWW.FAMILYCLINICSILIGURI.COM
माँ हनुर को सपना अब सफल हुनछ ।

**उज्यालो यातायात प्रा.लि.**



९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्पर्कहोस् ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




**कर्मचारी आवश्यकता**

माँ पाथीभरा स्वीट्स एण्ड क्याफेलाई केही कर्मचारी चाहिएको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।
पद : फास्टफुड कुक : २ जना — तलब : आपसी समझदारीमा
हेल्पर : २ जना (मिठाईका परिकार बनाउने हेल्पर)
सम्पर्क : मेनपा-१०, धुलाबारी चोक झापा
मोबाइल नं. : ९८१७०७६७६२, ९८०४९७७३१९

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कहोस् ।


**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Senti Virus
दोस्रो शो २:४५ Senti Virus
तेस्रो शो ६:४५ Senti Virus

(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ आमा
दोस्रो शो २:४५ आमा
तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता

## बिहान बितेछ



राम आचार्य 'पुष्पप्रेमी'

थाहा नै नपाई
बिहानी बितेछ
दिन आएछ ।
सृजनाका अंकुरणहरू
टुसाउँदै थिए मनभरी,
साधनाका जराहरू
बढ्दै थिए कलमभरी,
भावनाका कोपिलाहरू
फक्रिँदै थिए खाली कागजमा ।
थाहा नै नपाई
तिमी आएछौ
प्रभातका लालीकिरण बोकेर
पत्तै नपाई धर्ती चुमेछौ
तिम्रो मनमोहक त्यो परिवेशमा
लोलाउने मेरा चाहनाहरू
क्षितिज हेरेर टोलाउने
मेरा अनगिन्ती रहरहरू
त्यसै बिलाएर गएछन् ।

निद्राको कसिलो आलिङ्गनबाट
थकित मेरा नयन
अनायसै ठोकिन पुगे
पार कोठेबारीमा
छरिएका तिम्रा वयस्क
प्रकाश माथि ।
तिम्रा शिशु किरणहरू
छिर्पिंदै गएछन्
पाउदेखि शिरसम्म
तनदेखि मनसम्म
तिम्रो स्पर्शले
चर्को आभाष दिइरहेको थियो ।
तिमी र म बीच हुने
अटुट नाता कहिल्यै नासिन्छ र ?

तिम्रो निश्चल निस्कपट
जवानीबाट हुर्किंदै आएका
ती राप र ताप
मेरा लागि स्वभाविक नै लाग्छ ।
सधैं स्वीकार्य नै त छ
तिम्रो परिवर्तित रूपसँगै
जवानीले ल्याएको प्रतिफल ।
तथापि
सधैं लोभ्याइ रहन्छन्
तिमी आउँदा छरिने
मायालु लाली किरणहरूले
अनि अस्ताउँदा पोखिने
गोधुलीका ख्याउटे किरणहरूले ।
अफशोच
आज मेरा सृजनाका
बिस्कुन सुकाउन आउने
तिम्रा बैशालु किरणलाई
स्वागत छ ।

# गोकुल मन्त्री 'पूल भत्काएर नाम कमाउने'-मा झरेकै हुन् ?



हाँस्य-व्यंग्य

**व्यंग्यनारान पाँडे**

पल्लो घरको सिलिङ-छानातिर झुण्डिएको माकुराका जाल र खाँबाबाट घरमा तानेका बिजुलीका तार समेत हल्लिने गरी 'हा-हा-हा-को गब्बर हाँसो हाँस्तै मेरो बरण्डामा उक्लेका गौंथलीको बाऊले मेरो छेउकै कुर्सीमा बस्तै भने- "हामेरका चाइनेकेरे अदच्छे र पर्दानमन्त्री जस्ता डब्लिङ अदिकार र शत्तिको पदपोस्का मामानौं सन्मान्नीए केपी ओलीका झन्नै साख्खै छोरा जस्ता सर्भपिर्रे र लास्टै बिस्बास्ले जुक्त कम्रेट गोक्कुल बाँस्कोटाले रिजाएन गरेको कुरो उरालेर नेपालका अकम्रेट मेडिआले किन जोरी खोज्या हुन् भन्र मलाई कम्ता हाँस उठेन साला। गोरु बूढो भएसि भीर खोद्छ भन्या झैं गर्ने मूर्खता जइसो तेस्ता नाथे इत्रुउउउ कुरालाई किन अक्कास खसे जइसो बना'र आत्तिया हुन् कोनि तेस्सिमालानेहेरु ?"....

उनी फेरि बल गरेर कनी-कनी हाँसे।....

र, भन्दै गए– "अब हामेरको सर्खारले पैलीबड रिपोट रेड्डी पार्छ अनि आफ्ना इमानी-इमानी जी-हजुरेलाई अदच्छे-सदस्से भको एउडा जाँजुत कमेटी गठ्ठन गर्छ र तिन्लाई ए'दुई मैना तलप-भत्ता ख्वाएसि तेइ रिपोट पेश गर्ने अडर गर्छ। बाआआआस, अन्तखेरी हामेरका कम्रेट गोकुललाई सुइजर-ल्यानको एब्रिडे दूदले हर गङ्गा-हर गङ्गा गराउँछ भन्ने सिउरली छ भन्ने सामान्ने कुरो पनि नबुजी के खान पत्रकार गर्नु ? कम्रेट गोक्कुल बाँस्कोटा चइँ भन्ने व्याक्तित्तो भन्या त फस् पर्दानमन्त्री केपी ओलीभन्दा सेकिन पर्दानमन्त्री पो होइबक्सिनु हुन्थेन र यार ? फस् पर्दानले सेकिन पर्दानलाई अप्ठ्यारामा पार्ने त कुरै नट् भनेसि कुरै नट् नि हओ, कुरै नट्। हो कि होइन, लु तपइँ नै मुनभित्र रामदेउ भाकेर भन त ?"

मैले भनें– "कसरी कुरै नट् होइन र ?"

उनले उत्साही हुँदै भने– "तराजुको एउडा पल्लामा भएभरका उपपर्दानमन्त्री र मन्त्रीहेरु अनि आर्को पल्लामा एक्लै कम्रेट गोक्कुललाई लोड गरेर बडादशौंका ट्र्याममा खसी पइकारीले खसीहर्को जिउँदो मासु जोखे जइसो जोख्ता कम्रेट गोक्कुल तरफकै पल्ला ओएट्टी भो भन्र हामेरका पर्दानमन्त्री ओलीले कार्भे जिल्लामै गई-गई अस्ति फाल्गुन सात गने पर्जातन्त्र दिओसका उपलच्छे एक्कादसी तिथिका दिन हुकुम बकस भको काङ्ग्रेस, राप्पपा र राजावादी खलकका मेडिआका कानाँ परेन कि क्या हो हँ ? तेस्ता पाओरका दिस्टिले घटोत्कच्च राच्छेस् जइसो भ्याङ्खर र पर्दानमन्त्री मौसूप सर्खारका लास्टै माई डियार गोक्कुल कम्रेट साँच्चिकै माभारतको घटोत्कच्च राच्छेस् नै भा पनि यो स्यानो नेपालाँ कुन माईका लाल जन्म्या छ कर्ण वीर भ'र चाइनेजोकेरे बाण हानेर ह्वाँलाई भस्म पार्ने ? लु तपइँ नै भन त पाँडे भाइ–तेसो गर्न सक्छ त कस्सैले ?"

मैले भनें– "के सक्थ्यो।"

उनले डिच्च दाँत देखाएर गर्वसाथ भने– "यो पाँच बर्खको बाँकी तीन बर्ख त कस्सैले सक्छु भन्छ भने इइइस् नाप्छ तेल्ले। बितेको गत दुई बर्खमै पालिका नेता कम्रेट, पर्देश नेता कम्रेट र सङ्गीए नेता कम्रेटहेरु समढन्न भइरछन् बोराबोरै रुप्पे कमा'र। अब तीन बर्खमा लुँड्याका रुप्पे काँ राख्नु ? आउँदो अगामी एलेक्सिनको भोटसम्ममा भोट किन्ने नोट हामेरका उमेरदारसँग भन्दा ओइरो त यो बिस्सो-सन्सारमा अरु कस्का बाकसमा होला ? रुप्पेका नोट चइँ पद्दके आफ्सँग फालाफाल भएसि भोट त काइँ नजा, लु खा त ! अनि आर्को पाँच बर्ख हामेरकै रामराज्जे। होइन्त त ? तपइँ नै रामदेउ भाकेर भन त।"

मैले भनें- "हो नि।"

उनी भन्दै गए– "अब्ब चइँ त झन भाटे कारबाइमा एस्पोट जङ्गली फउजी-फउजीनी होल-टोट्टल हामेरको गरउशाली नेपका-एम्माले क्याम्पामै मिस्कट भइसक्या छइँछन्, तो ट्र्यान्सिन पनि छैन। दुई-तीन सहे बिप्लौ बाउसापतिर र गोडा साठ्ठीसत्तरेक मोन बैदेतिर भए भउन् न, होइन्त ? तीबाएक लाखउँ त किन भनिहाल्नु, हज्जारउँ त हामेरकै कन्टोलमा छन् नि हओ, कस्तो कुरो गर्या ! अब कस्सैले हामेरका चल्खेल, हामेरको भस्टचारी गर्ने पर्बिदि, कमिसिन हाम गर्ने ट्र्याउटिस, सेटिङ-उटिङबड लाद्रो भर्ने तडिका इत्तेदि था पायो र पोल खोलो भने खन्निइजान्छन् हाम्रा अरिङ्गाल माने भाटे जङ्गली फउजा-फउजी। र, तेसरी हामेरको छ्यास्स पनि एगेनेस् गर्ने समेतलाई बसालिहाल्छन् नि भाटे लौराले ढाढेढाढ र पिँडुलैपिँडुलामा सुम्ला बस्ने गरी। यो लोतान्त्रिक गनतन्त्र हामेरका काम-कारवाइको आलोचना-बासीचाना गर्नदिनु हए भन्र लेराका हम र हामेरले ? तपइँ नै भन त हिर्दयबड।"

मैले भने– "अँ त।"

उनले एकछिन् मेरो अनुहार राम्ररी नियालेपछि भने– "हन मैले नै भनो तेइ हन्डेड पर्सेन सपोट गर्यागर्यै पो गर्छौं तपइँ। हन तपइँको मगजको किड्नी र लिबरमा आफ्नु अर्जिनिल दिस्टिकोन चइँ छैन कि केइको एन्सर दिने बुद्दि चइँ 'मिन्दु', 'होप्पी', 'कोणी' छ हँ ? कि मेरा सत्तारुट बात सुनेर तपइँको कमजोड मुटु कामो थर्थरी ?"

मैले पनि छोकडाको बोक्रो जस्तो उनको चाउरे अनुहार एकछिन, राँगाले अर्थ न बर्थ जून हेरे झैं, हेरें र भनें– "हन प्रधानमन्त्री महोदयले उपप्रधानमन्त्री र मन्त्रीहरुको उत्रो हन्जा तराजुको एउटा पल्लामा टनाटन खाँदेर र अर्को पल्लामा गोकुल मन्त्रीलाई एक्लै कहिले जोख्नु भएछ अनि गोकुल मन्त्री एक्लै त्यो हन्जाभन्दा गहकिलो पाउनु भएछ हँ ? ताज्जुपको कुरो नि दाइ ? गोकुल मन्त्रीका ठाउँमा दशैं-बजारको खसी भए खसी बेच्नेले मनग्गे पाउँथ्यो होला नि ? कति लिन्थ्याने होला दाइ ?"

उनले हान्ने गोरुका झैं आँखा फुकालेर झ्वाँकिँदै भने– "सत्तरी कडोर क्या, सातलाई सुन्ना सत्तरीमाथि सातोटा सुन्ना कडोर। कस्तो आलुपाँडे कुरो गर्या डरै नराखी हँ ? मान्छे काइँ खसी हुन्छ ?"

मैले झट्टै भनें– "तपाईंहरुको कमरेड गोकुल मन्त्रीले भ्यासेक्टमी गर्नु भा छैन भने बेग्लै कुरो हो। तर, देश-बिदेशमा लाखौं-करोडौं लोग्ने मान्छेलाई फेमिली प्लानिङका नाउँमा खसी बनाइएका छन् क्या दाइ। मान्छे खसी हुँदै नहुने चाहिँ होइन।"

आँखा अँध्यारा पारोर उनलाई मुन्टो मोडे।

उनलाई अझ तताउने सोचेर मैले भनें– "सम्माननीय प्रधानमन्त्रीले गोकुल मन्त्रीको ओजन कति केजी कि क्वीन्टल भनेर समृद्ध नेपालको चकिलो उदाहरण दिनु भएको थियो ? दाइलाई त थाहा होला नि ?"

उनले आँशु छल्काएर आँखा धमिला पार्दै भने– "गर, जत्ति सेटार गर्छौ गर। उइले माभारत जुद्दका ट्र्याममा त राजा धिर्तरास्टले आफ्ना वरिपरिका कन्सुत्ले-जुठेहर्ले कानाँ देका सल्ला अन्सार देश चलाउँदा पनि तो चइँ धर्मजुग मानिन्थ्यो भने अैले पर्दानमन्त्रीको तजबीज नै माथ्लो अइन् हुँदा चइँ हामेरु कमरेडको यो रामराज्जे-जुग चइँ धर्मजुग नमान्दो रछौ तपइँ। भइगो नि त, भइगो। म गएको गत एलेक्सिनमा उमेरदार भ'र चाइनेकेरे भोट जित्या थैं र पर्दानमन्त्री हुन पुगिरथैं भने मेरो मगजको किड्नी-लिबर डेमेज भइवरि चाइनेकेरे एसबेलासम्म अन्भेलिट भइवरि लुगा-कपडा नलगाई हिन्ने भइसक्थैं होला। झ्याउँझ्याउँ सल्लाकारले कम्ता अल्मलाउँछन् भन्छौ ? तुलिगाँडाको बथानसरि कालाला र कुलुलुलुका बीचाँ बुद्दि चइँ भन्ने जिनिसले काम काटोस् त थुक्क ! .... अन्तखेरि धन्न पो हामेरका सर्भोच्चा कम्रेट पर्दानमन्त्रीले कति ट्र्यान्सिन खपेर राज्जे गरिबक्सिनु भइराखिबक्सिराख्या छ।...मलाई पो पस्टिकर्ण दिँदादिँदा हत्तुहइरान् र वाक्क ! यो, पाटीको, ठूलो-ठालू हुन कति अप्ठारो छ भन्ने म पो जान्दछु। तर, हिज्आज मेरो पनि टाउको बेहान उठेर ए'दुई घण्ट बेस्मारी दुख्न थालिरछ र म तल-माथि केइ भएँ चइँ भने हामेरको नेपका पाटीको अबस्ता हरिपुङताम नै होला बिचारा र यस्को भबिसेक कम्रेट किस्नबादुर मोरा कम्रेट गोक्कुल बाँस्कोटाहर्कै जइसो नून नहालेको सागको झोल जइसै होला भन्र मेरा पेटाँ पनि ठूउउउठो हेडेक छ क्या पाँडे भाइ।"

उनले पेन्टमा चेपेको कमिजको फेर माथि थुते र सेतै रौं भएको पेट सुम्सुम्याउँदै भने– "अस्ति फाल्गुन नउ गते माशिभरात्रीको तर्योदसी तिथिका दिन कम्रेट गोक्कुल बाँस्टोकाको उस्तो खबरको न्यूच इन्टरन्याटको फेसुकबड डिट्टेलमा सुनेपछि मेरो मुनपेटमा एछिन् नबिसाई हेडेक भइराख्या राम्रो याद गर्यौ भने तपइँ र बाइरबडै देख्छौ। यइ ट्र्यान्सिनले गर्दा अन्नको गेडो मुखाँ नपारी बेहान, दिम्सो र बेल्का कैलुको भट्टीमा ज्यान अडाइराख्या छु भनेसि कत्रो ट्र्यान्सिनको हेडेक रछ त मेरो एस पेटमा ? एसै गर्दागर्दै पागिटका रुप्पे सप्पै सकाएँ र हिजदेखि खत्तम खलास छु। तै उधारो दिन्छ कि मोरो भट्टी हुटेले कैलुले भन्र आज उठ्नासाथ गको 'उधार तो नै हुन्छ' भन्र मेरा मुखतिर हेर्दा नि हेरेन पद्दकेले ! अकम्रेट मेडिआले टेप्रिकट र सेप्रिकट भाइरोल गरेर गर्नु गरे, गर्ने एत्ति नै हो। गरुन् जति फैलोट गर्छन्, हामेरले टेरपुच्छर लाउने भा पो ! तर, ती तेसरी भट्टी हुटेले पनि हेप्न थाले र पो थप हेडेकिङ भइराख्या छ। एसरी अैले हामेरलाई सत्ताको ठालू गर्न पो अलि अस्सजिलो भइराख्या छ। ठूलोठालू गर्न काँ सैलो हुन्छ त होइन ? तपइँ नै भन त दुई शब्द।"...

मैले के भनिदिनु ? चूपचाप मनमनमा भनें– "गोकुल मन्त्री 'पूल भत्काएर नाम कमाउने'-मा झरेकै हुन् ?"

## अर्जुनधारामा फोटो प्रदर्शनी



□ **अमित खम्बू**

**अर्जुनधारा, फागुन १६।** 'नेपाल भ्रमण वर्ष २०२०'लाई लक्षित गरी आगामी चैतमा हुने नगर महोत्सव पूर्व तयारी कार्यक्रम अन्र्तगत अर्जुनधारा-८ वडा समितिले वडामा रहेका विभिन्न पर्यटकीय स्थलको फोटो प्रदर्शन गरेको छ।

'आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं,नेपाल भ्रमण वर्ष सफल पारौं' भन्ने मुख्य नारासहित प्रदर्शन गरिएको फोटोहरुमा सय वर्ष पुरानो जिल्लाकै ऐतिहासिक शनिश्चरे बजार, २००५ सालमा स्थापना भएको जिल्लाकै दोस्रो र नगरको पहिलो शैक्षिक संस्था शनिश्चरे माध्यमिक विद्यालय, महाभारतकालिन झल्को दिने कृष्ण र अर्जुनको प्रतिमा रहेका छन्।

त्यसैगरी नवदुर्गा भवानी कात्यायनी शक्तिपीठ, शितला दुर्गा पाञ्चायन मन्दिर, सिंहदेवी मन्दिर, सेतीदेवी देवीथान, बौद्ध गुम्बा, देवकोटा पार्क, चिया बगान र रबर बगान रहेको छ।

वडामा शुरु भएको पूर्व तयारी कार्यक्रम अन्तर्गत अन्य वडा भन्दा फरक ढंगले आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरुको फोटो प्रदर्शनी मार्फत् जानकारी दिनु राम्रो कार्य भएको सहभागीहरुले बताए।

नेपाल भ्रमण वर्ष चलिरहँदा वडाले शुरु गरेको उक्त कार्य नगरले आयोजना गर्ने बृहत नगर महोत्सवमा पनि नगरभित्र रहेका विभिन्न पर्यटकीय स्थलको फोटो प्रदर्शन गर्नु आवश्यक रहेको अर्जुनधारा उद्योग वाणिज्य संघका पूर्व सचिव चतुर्भूज काफ्लेले बताए।

वडाध्यक्ष गोपीचन्द्र गौतमको अध्यक्षता र पूर्व सामान्य प्रशासन मन्त्री केशवकुमार बुढाथोकीको प्रमुख आतिथ्यमा भएको सोही कार्यक्रममा 'उपमेयरसँग आमा शिशु कार्यक्रम'को समुद्घाटन गरिएको थियो।

त्यस कार्यक्रम मार्फत् नगरभित्रका सुत्केरी आमाहरुलाई स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य परामर्शसँगै नगरपालिकाको तर्फबाट विभिन्न सेवाहरु प्रदान गरिने उपप्रमुख कमला खतिवडा आचार्यले बताइन्। 'जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुको टोली घरदैलो अभियान मार्फत् आमा र शिशुको अवस्था बुझ्न घरमा पुगी उनीहरुलाई प्रोत्साहन स्वरुप विभिन्न सामग्रीहरु दिन्छौं' -उनले भनिन्।

प्रमुख अतिथि बुढाथोकी, नगर प्रमुख हरिकुमार राना, उपप्रमुख कमला खतिवडा आचार्यलगायतले मन्तव्य व्यक्त गरेको कार्यक्रममा सांस्कृतिक तथा साहित्य प्रतियोगिता सञ्चालन गरिएको वडा सचिव सुष्मिता लुँइटेलले बताइन्। वडा सदस्य एवम् नगर भाषा, कला र साहित्य समितिकी संयोजक सुशिला सुवेदीले स्वागत गरेको कार्यक्रमको सञ्चालन इन्दिरा दाहालले गरेकी थिइन्।

कार्यक्रम अन्तगत विषयगत शाखाहरु स्वास्थ्य शाखा, कृषि शाखा, पशुपन्छी, मत्स्य तथा कछुवा विकास शाखा, योजना शाखा र राजश्व शाखाले कार्यक्रममा आउने सहभागीहरुका लागि शिविर सञ्चालन गरी विभिन्न सेवा प्रदान गरेका थिए।

## रेडरोजको २६औं वार्षिकोत्सव



**माइधार, फागुन १६।** शिवसताक्षी-१० माइधार स्थीत रेडरोज इङ्लिस बोर्डिङ स्कूलको २६औं वार्षिकोत्सव सम्पन्न भएको छ।

विद्यालयल व्यवस्थापन समितिका अध्यक्ष युवराज संग्रौलाको अध्यक्षता तथा शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार सेर्माको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा शिवसताक्षी नगरका शिक्षा अधिकारी उपसचिव सुरेन्द्रवहादुर दाहाल, प्याब्सन नेपालका केन्द्रिय उपाध्यक्ष नारायणप्रसाद घिमिरे, विद्यालय संचालकका तर्फबाट उमानाथ पराजुली लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा चालू शैक्षिक सत्रको यो अवधि सम्ममा विद्यालय, प्याब्सन र अन्य क्षेत्रले आयोजना गरेको प्रतियोगितात्मक कार्यक्रममा उत्कृष्ट हुने विद्यार्थीका अभिभावकलाई सम्मान पत्रद्वारा सम्मान गरिएको छ। कक्षा नर्सरीदेखि कक्षा १० सम्म प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीका अभिभावकलाई पनि सम्मान गरिएको छ।

त्यस्तै टिचर्स अफ दि इयरबाट कृष्णबहादुर माझी, स्कूल वर्कर अफ दि इयरबाट मोहनप्रसाद ओडारी, स्टुडेण्ट अफ दि इयरबाट रोहित दाहाललाई नगदसहित सम्मान गरिएको छ। कार्यक्रममा विद्यालय स्थापनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने डिल्लीराम मैनालीलाई सम्मान गरिएको कार्यक्रममा विद्यालयको अवस्था, गुणस्तर लगायतका बारेमा प्रिन्सिपल दिगम्बर पराजुलीले प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा विद्यार्थीले नृत्य, गायन र करातेका विविध आइटम प्रस्तुत गरेर देखाएका थिए। शिक्षक ठाकुरप्रसाद ढकालले स्वागत गरेको कार्यक्रमको सञ्चालन विद्यालयका को-अर्डिनेटर शेरबहादुर बानियाँले गरेका थिए।

## एम्स दर्पणको विमोचन

**अर्जुनधारा, फागुन १६।** अर्जुनधारा-८ मा रहेको एम्स एकाडेमीको २२औं वार्षिकोत्सवकाबीच 'एम्स दर्पण' को विमोचन गरिएको छ।

उक्त बुलेटिनमा विद्यालयमा हुने गतिविधिसँगै चुट्किला, चित्रकला प्रदर्शनी, साहित्य सामग्री, फोटो फिचर लगायत समावेश हुने उक्त पत्रिका मासिकरुपमा प्रकाशन गर्ने लक्ष्य विद्यालयको रहेको प्रधानाध्यापक टीकाराम गौतमले बताए।

शिक्षक अभिभावक संघका अध्यक्ष रमेश नेपालको अध्यक्षता तथा प्याब्सन प्रदेश नं.१ का उपाध्यक्ष नारायण घिमिरेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रधानाध्यापक गौतमले विद्यालयको वर्तमान गतिविधि र भावी रणनीतिबारे जानकारी गराएका थिए।

कक्षा-१० का पूर्व विद्यार्थीहरुलाई प्रमाणपत्र वितरण गरिएको कार्यक्रममा विद्यार्थीहरुले गीत, नृत्य, रायम्स, फेसन सो, नाटक मञ्चन, सांस्कृतिक भेषभूषा प्रदर्शनी लगायत प्रस्तुत गरेका थिए। कार्यक्रममा सहायक प्रधानाध्यापक यमनकुमार दनुवारले स्वागत र संयोजक धनञ्जय रिमालले सञ्चालन गरेका थिए।



## रंगशालामा महोत्सव नगर्न आग्रह

**बिर्तामोड, फागुन १६।** संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, संघीय लिम्बुवान मञ्च, नेपालले विभिन्न सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरुबाट झापा जिल्लामा बन्न लागेको अन्तर्राष्ट्रिय आदिवासी रंगशालामा कमल गाउँपालिकाको व्यवस्थापन र नेपाल सरकारको पर्यटन मन्त्रालयको आयोजनामा बृहत सांस्कृतिक महोत्सव आयोजना गर्ने भनी भ्रमपूर्ण सूचना आएको प्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संघीय लिम्बुवान मञ्च, नेपालका उपमहासचिव तथा सञ्चार विभाग प्रमुख दिलकुमार लावतीले विज्ञप्ति जारी गर्दै यस्तो जनाएका हुन्। बर्षौंदेखि रंगशालाको नाम आदिवासी रंगशाला रहने भनेर कार्यान्वयन भइसकेको अवस्थामा नेपाल सरकारले त्यस क्षेत्रका आदिवासी जनजातिहरु माथि अन्यायपूर्ण ढंगले खेलवाड गर्दै पहिचान र अस्तित्व नै नामेट पार्ने षडयन्त्र र कुचेष्टा गरेकोमा पार्टीले गम्भीर आपत्ति र भत्सर्ना गर्दै उक्त त्रुटीपूर्ण सूचनालाई तत्काल बन्द गर्न पार्टीले नेपाल सरकार पर्यटन मन्त्रालय र कमल गाउँपालिकालाई आग्रह गरेको छ।

यस्तो कार्य सिंगो आदिवासी जनजातिहरुको भावना विपरित भएको हुँदा यसप्रति स्थानीय सरकार गम्भीर बन्न समेत पार्टीले आग्रह गरेको छ।

